अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

महागढीमाई नगरपालिका

स्थानीय राजपत्र

खण्ड ०९ संख्या: ६ प्रमाणीकरण भएकोमितिः २०८२/१०/२९

भाग-३

महागढीमाई नगरपालिका

सामुहिक कृषि तथा पशुपालन कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी, २०८२

दोस्रो संसोधन मितिः२०८२/०९/०९

प्रस्तावना : महागढीमाई नगरपालिकाकामा संघ तथा प्रदेशबाट सम्पुरक अनुदान तथा विषेश अनुदान कार्यक्रमवाट प्राप्त अनुदानको सदुपयोग गरी किसान तथा गरिब विपन्न बर्गका व्यक्तीहरुको जिविकोपार्जन गरी आर्थिक सुधार गरी रोजगारी वृद्धि गर्न सामूहिक कृषि तथा पशुपालन कार्यलाई व्यवसायिकरणका लागि सामूहिक खेती तथा पशुपालन कार्यक्रम सञ्चालन गर्न वान्छनीय भएकोले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा प्राप्त अधिकार तथा संघिय विषेश अनुदान कार्यविधि, २०७५ समेतलाई प्रयोग गरी यो कार्याविधि लागु गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस कार्यविधिको नाम "सामुहिक कृषि तथा पशुपालन कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी, २०८२ हुनेछ। (२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ख) "नगरपालिका" भन्नाले महागढीमाई नगरपालिका सम्झनु पर्छ।

(ग) "कर्मचारी" भन्नाले नगरपालिकामा कार्यरत सम्पुर्ण तहका कर्मचारीलाई सम्झनु पदर्छ।

(घ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्दछ।

(ङ) "कृषक समुह" भन्नाले सम्बन्धित निकायमा दर्ता/नवीकरण भइ कृषि गतिविधिहरु संचालन गर्ने समुह सम्झनुपर्दछ

(च) "अध्यक्ष" भन्नाले समुह वा संस्थाको अध्यक्षलाई सम्झनु पर्दछ।

(छ) "उपाध्यक्ष"भन्नाले समुह वा संस्थाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) "सदस्य" भन्नाले समूह वा संस्थाको सदस्य सम्झनु पर्छ।

(झ) "सचिव" भन्नाले भन्नाले कृषि वा पशु समुह एवम कृषि सहकारीका सदस्य सचिवलाई सम्झनु' पर्दछ।

(ञ) "बैठक"भन्नाले कृषि वा पशु समूह एवम कृषि सहकारीका संस्थाको बैठक वा समुह निर्माणको लागि बस्ने बैठक समेतलाई जानाउदछ।

(ट) "संस्था वा फर्म" यस नगरपालिका भित्र रोजगार प्रबर्धन वा उत्पादन तथा उत्पादकत्व बृद्धी एवम उधम सृजना गरी बेरोजगारी उनमुलनको उदेश्यले नगर भित्रका कुनै कृषि उधमीबाट नियमानुसार दर्ता गरिएका कृषि संस्था वा पशु पालन फर्मलाई बुझनु पर्दछ।

(ठ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि अनुरुप कार्यक्रम प्राप्त गर्ने आवेदक सम्झनुपर्दछ।

(ड) "आवेदक" भन्नाले यस कार्यक्रममा सहभागी हुन् आवेदन पेश गर्ने कृषक समुह, सहकारी वा कृषि उधमी सम्झनुपर्दछ।

(ढ) "आवेदन" कार्यक्रममा आवद्ध हुन् अनुसूची १ र २ बामोजिमको सूचनामा मांग भएका कागजातहरु संलग्न गरि पेश भएको निवेदन सम्झनुपर्दछ।

(ण) लाभग्राही भन्नाले यस कार्यविधि अनुरुप कार्यक्रममा प्रत्यक्ष सहभागी भै लाग प्राप्त गर्ने अनुदानग्राही कृषक समुह वा सहकरी वा कृषि उधमका सदस्यहरु सम्झनुपर्दछ ।

(त) सहकारी भन्नले प्रचलित कानुन बामोजिन तोकिएका निकायमा दर्ता भइ कृषि सम्बन्धि गतिबिधि संचालन गर्ने सहकारी संस्था सम्झनुपर्दछ ।

(थ) "आयोजना भन्नाले" यस नगरपालिकामा उत्पादन र उत्पादकत्व वृद्धिका लागि सामुहिक कृषि तथा

जगन्नाथ प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र प्रसाद यादव
नगर प्रमुख

पशुपालन कार्यक्रम सम्झनुपर्दछ ।

(द) अनुगमन तथा सुपरिवेक्षण भन्नाले दफा -५ को उपदफा १ अनुसारको समिति सम्झनुपर्दछ ।

परिच्छेद २

अनुदानको व्यवस्था तथा सोको परिचालन

३.. अनुदान दिन सकिने: (१)कृषक समुहको जिविकोवार्जन तथा आर्थिक उन्नतिको लागि सामुहिक खेती तथा पशुपालन कार्यक्रम गर्न गराउनको लागि देहायको आधारमा समूह छनौट गरी अनुदान दिनेछ।

(२)कम्तीमा १५ दिने सूचना प्रकाशन गरी कृषक समुहहरुबाट अनुसूचि –१ अनुसारको ढाँचामा प्रस्ताव माँग गर्ने ।

(३) दर्ता भएका प्रस्तावलाई मुल्यांकन गरी राम्रो र पारर्दशी भएका प्रस्तावलाई स्वीकृत गर्ने ।

(४) प्रस्ताव स्वीकृत भएका कृषि, पशुपालन समुह वा फर्म संग सम्झौता गर्ने ।

(५) कार्यक्रम लागु हुने क्षेत्र :- यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमहरु अनुसुचु -१ बामोजिमका आयोजना लागु भएका यस नगरपालिकाका अन्तर्गतका ११ वटै वडाहरुमा लागु हुनेछ ।

४. अनुदानको भुक्तानी: (१) आय मुलक खेति जस्तै:- खद्धानबाली,आलु, दलहनबालि, तेलहनबालि, तरकारी, फलफुल,मेवा,केरा, ड्गन फुट,माछापालन, माहुरीपालन, पशुपंछीपालन, कुखुरा पालन,प्रांगरीक मल,जैवीक मल उतपादन,विभिन्न जातका नर्सरी तथा खेतीको लागि चहिने आधुनिक उपकरण जस्तै ट्रेक्टर, धानकाटने मेशिन,थ्रेसर,पावर टेलर, लागएत अन्य उपकरण एवम पशुपंक्षी पालनका लागि आवश्यक उपरणका साथै गोठ सुधार, कृषि उपज तथा अन्य स्थानीय उत्पादनको संकलन तथा बिक्रि केन्द्र स्थापना, क्षति नियन्त्रणका लागि बालि भण्डारण निर्माण तथा सुधार एवं विज भण्डारका लागि गोदाम निर्माण आदि सम्बन्धमा सामुहिक रुपमा प्रयोगका लागि प्रतिबद्धता गरी प्रस्ताव गरेमा देहाय अनुसार अनुदान दिनेछ।

(२).एउटा समुहको लागि कम्तीमा १ बिघा देखी ५ विघा सम्म जग्गा हुनु पनर्छे।

(३). यस कार्यक्रमका लागि आवेदन पेश गर्दा आवेदक वा आवेदनमा संलगन कृषकसंग आफ्नो स्वामित्वको जग्गा नभएमा कार्यक्रममा आवद्ध हुन् कम्तिमा १० वर्षको लागि करार सम्झौता लिएको हुनुपर्नेछ ।

४) अनुदानग्राहीले अनुसूची १ बामोजिमको सम्झौतामा उल्लेखित कार्ययोजना अनुसारका क्रियाकलापहरु संचालन गर्नुपर्नेछ ।

(५) कृषि कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न गराउनका लागि प्रथम बर्षमा कुल लागतको १५ प्रतिशत समुहले र बाकी ८५ प्रतिशत कार्यालयले प्राप्त विषेश अनुदान रकम बाट कृषक समुह वा कृषि सहकारी संस्थालाई अनुदान दिईने छ।

६.गोठ निर्माण तथा सुधारको हकमा ५० प्रतिशत समुह/सहकारी ५० प्रतिशत कार्यालयले व्यहोर्ने

जगन्नाथ प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र प्रसाद यादव
नगर प्रमुख

७.कृषि बजार पूर्वाधार/क्षति न्यूनीकरणका लागि बालि भण्डारण निर्माणको हकमा ८५ प्रतिशत अनुदान कार्यालयले र १५ प्रतिशत समुहले व्यहोर्नु पर्नेछ। (अनुदान कार्यक्रम रकम २५ लाख भन्दा बढी हुने छैन।)

८.फर्मको हकमा अनुदान ५० प्रतिशत कार्यालयले र ५० प्रतिशत फर्मले व्यवहोर्नु पर्नेछ।(अनुदान रकम ७ लाख भन्दा बढी हुने छैन) ।

९.स्लायो ट्युबवेलमा ८५ प्रतिशत तथा अन्य कृषि/पशु उपकारण खरिद गर्दा अधिकतम ५० प्रतिशत कार्यालयले र ५० प्रतिशत संघसंस्थाले व्यवहोर्नु पर्नेछ ।

१०. पशुपंक्षी खरिदमा ८५ प्रतिशत अनुदान कार्यालयले तथा १५ प्रतिशत संघसंस्थाले र अन्य सामग्री मा ५० प्रतिशतले व्यहोर्नु पर्नेछ ।

११.पोखरी मर्मतको हकमा अधिकतम ५० प्रतिशत कार्यालयले र ५० प्रतिशत संघसंस्थाले व्यवहोर्नु पर्नेछ ।

१२.प्रांगारिकमल र जैविकमल उत्पादनको हकमा अनुदान ५० प्रतिशत कार्यालयले र ५० प्रतिशत संघसंस्थाले व्यवहोर्नु पर्नेछ।

(१३.) कृषि वा पशु पंक्षीसमुह वा सहकारी संस्थाबाट संचालन गरिने समुहिक खेती वा पशुपंक्षी पालन सम्बन्धमा कृषि प्राविधिकबाट आवश्यक प्रकृया पुगे वा नपुगेको एकिन गरी पेश गरेको प्रतिवेदनको आधारमा सम्झौता गरी अनुदान दिन सक्नेछ।

(१४.) समूहको स्वीकृत प्रस्ताव बमोजिम सम्झौताको आधारमा नगरपालिका कार्यालयले तोकेको अनुदान रकम समुहको खातामा निकासा दिइनेछ।

१५.) प्रस्तावको आधारमा प्रथम किस्ताको रकम खर्चको विल भर्पाइ कृषि शाखा /पशु शाखा प्रमुखको सिफारीस समेतको अधारमा बाँकी रकम निकासा हुने छ।

(१६).दोस्रो बर्षमा समुहको प्रगति प्रतिवेदन र समुह निरंतरता समेतलाई आधारमानी समुहले पेश गरेको लागतको ५० प्रतिशत रकम मात्र सोही प्रकृतिका लागि प्राप्त विषेश अनुदान वा नगर सभाबाट विनियोजित रकम बाट नगरपालिका कार्यालयले सम्झौताको अधारमा अनुदान दिइने छ।

(१७) तेस्रो बर्ष कुल लागतको २५ प्रतिशत रकम सोही प्रकृतिका लागि प्राप्त विषेश अनुदान वा नगर सभाबाट विनियोजित रकम बाट नगरपालिका कार्यालयले सम्झौताको अधारमा सिधै समुहको खातामा अनुदान दिइने छ।

(१८). चौथो बर्ष देखी समुहबाट संचालित खेती तथा पशुपालनको निरन्तर प्राविधिक सहयोग कार्यालयबाट गरिने छ।

(१९) माथी जुनसुकै कुरा उल्लेख भएतापनी देहायका आधारमा निजी रुपमा कृषि फर्म वा पशुपालन फर्मलाई अनुदान दिन सकिने छ।

(क) नेपाल सरकारको नियमानुसार कृषि फर्म वा पशुपालन फर्म दर्ता गरी नगरपालिकाको कृषि, पशु

जगन्नाथ प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र प्रसाद यादव
नगर प्रमुख

शाखामा दर्ताभई संचालन भएको ।

(ख) संस्था संचालन रहेको जग्गा फर्मको नाममा दर्ता भएको हुनु पर्ने छ । वा व्यवस्थापकको नाममा दर्ता भएको हुनु पर्ने छ ।

२०.अनुदानको भुक्तानी: (१) नगद अनुदान दिने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदानग्राहीको बैंक खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ ।

(२) अनुदान रकमको भुक्तानी सम्झौतापत्रमा उल्लेख भएबमोजिम हुनेछ । कार्यक्रमको प्रकृति अनुसार सम्बन्धीत शाखाको जिम्मेवार प्राबिधिकले स्थलगत निरीक्षण गरी त्यारपारेको प्रतिबेदनको आधारमा भुक्तानी गरिनेछ ।

(३) अनुदान ग्राहीले आफनो अंश बाराबरको रकम सम्बन्धीत खातामा जम्मा गरेको भौचर संलंगन राखी अनुदानको प्रथम किस्ता माग गर्नु पर्नेछ ।

२१ . अनुदान खर्चको व्यवस्था: (१) समुहबाट सामुहिक खेति वा पशुपालनको लागि प्रस्ताव गरेको कार्यक्रको परिधिभित्र रही समितिको निर्णयानुसार सोही कार्यमा खर्च गर्नु पर्ने छ ।

(२) यसरी खर्च गरेको हिसाब किताबको रेकर्ड कोषध्यक्ष वा सचिवले राख्नु पर्ने छ ।

(३) खर्चको माशिक तथा चौमाशिक प्रगति प्रतिबेदन कृषि शाखामा बुझाउनु पर्नेछ ।

(४) आर्थिक बर्षको अन्त्यमा रजिष्टर्ड लेखा परिक्षक बाट लेखापरीक्षण गराई एक प्रति कृषि शाखामा पेश गर्नु पर्ने छ ।

(५) तोकिएको शिर्षक बाहेक खर्च गर्न पाईने छैन । यदि गर्नु पर्ने अवस्था आएमा कायालयको अनुमति लिनु पर्नेछ ।

(६) समुहगत खेति वा पशुपंछी पालन गर्दा भएको उत्पादन विक्री वितरण गरी प्राप्त आम्दानी समुहको खातामा जम्मा गर्नु पर्नेछ ।

(७) यसरी प्राप्त आम्दानी संघसंस्थाले आफनै निर्णय अनुसार आवश्यकता पहिचान गरि खर्च गर्न सकिन्छ ।

२२.बजारीकरणको व्यवस्था: कृषक समुहबाट उत्तपादीत बस्तुहरुको बजारीकरणको समस्या आएमा सोको उचित व्यवस्थापन कृषि शाखाले मिलाउनेछ ।

परिच्छेद ३

५ अनुगमन तथा सुपरीबेक्षण .अनुगमन तथा सुपरीबेक्षण: (१) यस नगरपालिकामा सञ्चालित रहेका कृषि तथा पशु समुहहरुबाट गरिएको सामूहिक खेती तथा पशुपालनहरुको अनुगमन तथा सुपरीबेक्षण गर्न देहाय बमोजिमको समिति रहने छ ।

१.नगर उपप्रमुख
२.नगर कृषि समिति संयोजक
३.सम्बन्धीत वडाका वडाअध्यक्ष
४.महिला कार्यपालिका सदस्य मध्ये १ जना
५. कृषि/पशु शाखा प्रमुख

(६) आवश्यक्ता अनुसार नगर प्रमुख वा सम्बन्धित सरोकारवाला समेतबाट संयुक्त रुपमा अनुगमन गर्न

जगन्नाथ प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र प्रसाद यादव
नगर प्रमुख

सकिनेछ ।

परिच्छेद ४

विविध

७ .एकै वर्षमा एक पटकमात्र अनुदान उपलब्ध गराइने : यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदान एकै सस्था, समुहं वा व्यवसायिक फर्मलाई एक आर्थिक वर्षमा एक पटक मात्र उपलब्ध गराइनेछ ।

८.पारदर्शिता र जवाफदेहिता : सरोकारवालाहरुबाट अनुदान तथा सहायताका सम्बन्धमा कुनै जिज्ञासा तथा जानकारी माग भएमा नगरपालिकाबाट आवश्यक विवरण उपलब्ध गराइनेछ ।

९.कारबाही : नगरपालिकाबाट जुन कार्यक्रमको लागि अनुदान निकासा भएको हो सोही कार्यक्रममा खर्च गर्नु पर्ने छ । शिर्षक बाहिर खर्च गरेको कुनै किसिमको हिना मिना गरेको पाईएमा समुह वा संस्थाको खातामा बस्ने पदाधिकारीबाट असुल उपर गरिने छ ।

१०.नगर कार्यपालिकाको विशेष अधिकारः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आवश्यक्ता अनुसार अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु संगको साझेदारीमा गरिब,निमुखा,दलित,अपाङ्गता भएका व्यक्ति,एकल महिला समेतको जिविकोपार्जनका लागि नगर कार्यपालिकाको निर्णयानुसार विभिन्न थरिका खेतीका लागि एउटै समुहलाई अनुदान दिन सक्नेछ ।

११.बाधा अड्काउ फुकाउ : यो कार्यविधि लागु हुदाँका बखत कुनै बाधा अड्चन भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम बाधा अड्चन फुकाउन सकिनेछ ।

१२ .संशोधन तथा परिमार्जनः यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता बमोजिम नगर कार्यपालिकाबाट संशोधन गर्न सकिने छ ।

१३.प्रशासनिक तथा अन्य खर्चः कार्यविधी अनुसारको कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न गराउनका लागि विनियोजित बजेट रकमको बढीमा ५ प्रतिशत सम्म प्रशासनिक तथा अन्य खर्च गर्न सक्नेछ ।

१४. उपकरण तथा बितरण प्रकृया सार्वजनिक खरिद ऐन २०६३, तथा सार्वजनिक खरिद नियमावली २०६४ बामोजिम आपूर्ति गरिनेछ ।

१५. कृषि तथा पशुपंक्षी पालन कार्यमा ज्यामीखर्च, जग्गा भाडा तथा खनजोतमा लाग्ने खर्च पूर्ण रुपमा संघसंस्थाले आफै व्यहोर्नु पर्नेछ ।

जगन्नाथ प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र प्रसाद यादव
नगर प्रमुख

अनुसूची-१

परियोजना प्रस्तावना (project proposal) को ढाँचा

(समूह वा संस्थाको प्रयोजनको लागि)

१.आयोजना/कार्यक्रमको परिचय

(क) आयोजना/ कार्यक्रमको नामः

(ख) लक्ष्य

(ग) उदेश्य

(घ)लाभग्राही संख्याः

(ङ) कार्यान्वयन अवधिः

शुरु (आ.व.) समाप्ति (आ.व.)

(च) कार्यान्वय हुने स्थान

जिल्ला ..... स्थानिय तहको नाम ..... टोल ..... वडा नं.....

२. आयोजना/कार्यक्रमको कुल लागत

(क) विकास तथा निर्माण लागत रु.

(ख) कृषि उत्पादन सामाग्री सहयोग लागत रु.

(ग) प्रविधि तथा प्राविधिक सहयोग लागत रु.

(घ) आयोजना तथा/ कार्यक्रम सञ्चालन लागत रु.

३. लागत सहभगिता

(क) नगरपालिका

(ख) समुह वा सहकारी संस्था

४. अपेक्षित प्रतिफल

५. आयोजना/कार्यक्रमको प्रमुख क्रियाकलापहरु

६. आयोजना/कार्यक्रमको वित्तीय तथा आर्थिक विश्लेषण

७. आयोजना/कार्यक्रम कार्यन्वयन तथा खर्च योजना

८. आयोजना/कार्यक्रम कार्यन्वयनमा आवश्यक जनशक्ति

९. आयोजना/कार्यक्रमको सञ्चालन प्रस्ताव

१०. सञ्चालन प्रबन्ध

(क) लागत खर्च अनुमान

(ख) सम्भावित आय आर्जन

उपेन्द्र प्रसाद यादव
प्रमुख
जगन्नाथ प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

जगन्नाथ प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२
(परिच्छेद-४ सँग सम्बन्धित)
अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)

मितिः-

विषयः- अनुदानको उपलब्ध गराइ दिनु हुन।

श्रीमान् ..... ज्यू
..... कार्यालय
महागढीमाई नगरपालिका,बारा
महोदय

तहाँ कार्यालयबाट मिति ..... मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ..... कार्यक्रमको उदेश्य,लगत,समयावधि,लाभन्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुदाँ अनुदान उपलब्ध गराइ दिनुहुन अनुरोध गर्दछौ/छु।

तपसिलः
अनुदानग्राहीको नामः-
ठेगानाः-
स्थानिय तह/प्रदेशः
वडा नं.
कार्यक्रमको नामः-
कार्यक्रमको उदेश्यः-
अनुदान रकम आवश्यक पर्नुको कारणः
सञ्चालन गरिने कार्यक्रमःक्रमागत भए आ.व.सम्मको लेखापरीक्षण प्रतिवेदन कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः
कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः
कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः
कार्यक्रमवाट लाभान्वित जनसंख्याः

निवेदक
कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थरः
पदः
सम्पर्क फोन नं.

जगन्नाथ प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र प्रसाद यादव
नगर प्रमुख

अनुसूची-३

(परिच्छेद-४ को उप दफा (४) र (५) सँग सम्बन्धित)

सम्झौताको ढाँचा (नमूना)

१.यो सम्झौता पत्र ..... प्रादेशिक निकाय/स्थानिय तह (यस पछि पहिलो पक्ष भनिएको) र ..... कृषि फार्म /उद्यमी कृषक ..... गा.पा./न.पा. ..... वडा नं. ..... टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसलिको शर्त वमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

२.यो सम्झौता,सम्झौता भएको मिति ..... देखि प्रारम्भ भएको भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरि मिति ..... साल ..... महिना ..... गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

३.यस सम्झौता बमोजिमको ..... कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आंफैले गर्नु पर्ने ।

४.सम्झौता वमोजिमको कार्यसञ्चालन तथा सम्मपन्नको लागि पहलो पक्ष मार्फत अनुदान स्वरुप रु. .....(अक्षरेपी .....) र दोस्रो पक्षको लागत सहभागिता रु. .....(अक्षरेपी .....) व्यहोरिनेछ।

५.दोस्रो पक्षले सम्झौता बमोजिमको ..... कार्यक्रम अन्तर्गत ..... व्यवसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी,गैर सरकारी संघ संस्थाबाट सहयोग,अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

६.दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिहरुको दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

७. दोस्रो पक्षले ..... कार्यक्रम अन्तर्गत ..... व्यवसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीको लागि Public Audit गराउनु पर्नेछ।

८.यस नगरपालिकाबाट जारी सामूहीक खेती एंवम पशुपालन कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि,२०८२ को पूर्ण पालना हनुपर्नेछ।

९.प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश पश्चात सम्बन्धित दोस्रो पक्षको खातामा भुक्तानी दिनुपर्नेछ।

१०.दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानि नोक्सानी भए त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

११.दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम ..... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा

जगन्नाथ प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र प्रसाद यादव
नगर प्रमुख

ल्याउनेछ।

१२. सम्झौता वमोजिमको कार्यगर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१३. कार्यविधिको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख हुनु पर्ने विषयहरु।

१४. कार्यक्रमसँग प्रासङ्गिक विषयहरु (आवश्यक भएमा)।

१५. कार्यक्रमको विस्तृत लागत संलग्न बमोजिम हुनेछ (आवश्यक भएमा)।

१६.भुक्तानि हुने खाता नम्बरः

नामः

बैंकको नामः

१७. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ।

प्रहिलो पक्ष	दोस्रो पक्ष
दस्तखत	दस्तखत
नामः	नामः
पद	पद
मिति	मिति

र्यालयकोछाप

संस्थाकोछाप

रोहवर

दस्तखत	दस्तखत
नामः	नामः
ठेगानाः	ठेगानाः
मिति	मिति

जगन्नाथ प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र प्रसाद यादव
नगर प्रमुख

अनुसूची-४

(परिच्छेद-3 को ४ बुदा नं.११ सँग सम्वन्धित)

होर्डिङ्ग वोर्ड (नमूना)

(साइजः३ फिट *२ फिट)

कार्यक्रम सञ्चालन स्थानमा

प्रदेशिक निकाय /स्थानिय तहको नाम

१.आयोजनको नामः-

२.आयोजना सञ्चालनगर्ने व्यक्ति/फर्म/सहकारी/संस्थाको नमः

३. ठेगानाः

४. आयोजनको कूल लागत रु.

५.अनुदान रकमःरु

६.अनुदानग्राहीको योगदान रु

७.अन्यसाझेदार निकायको सहभागिता रु

८. आयोजनको अवधि २० देखि २०

९. लाभग्राहीहरुको संख्या ..... महिला ..... पुरुष ..... अन्य

जगन्नाथ प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र प्रसाद यादव
नगर प्रमुख

अनुसूची-५

(परिच्छेद-४को बुदा नं. १५ को सँग सम्वन्धित)

माशिक तथा तथा चौमाशिक प्रगति प्रतिवेदनको ढाँचा

परिचयात्मक विवरण

१ .आर्थिक वर्षः

२. स्थानिय तहः

३.समुह वा सहकारीको नाम

४.प्रगति प्रतिवेदनको अवधि

प्रगति विवरण

१.वित्तिय प्रगति

		वार्षिक विनियोजित बजेट (रु.हजारमा)	हाल सम्मको खर्च (रु हजारमा)	वित्तिय प्रगति प्रतिशत
१				
२				

२.भौतिक प्रगति,प्रतिफल तथा प्रगति नपुगका कारणहरु

क्र.सं.	कार्यक्रम/क्रियालाप	एकाई	वार्षिक लक्ष्य	..... चौमासिक लक्ष्य	..... चौमासिक प्रगति	हाल सम्मको प्रगति	मुख्य मुख्य प्रतिफलहरुको विवरण	प्रगति नपुगका कारणहरु
१								
२								

३.लाभान्वित कृषक / अनुदानग्राहिहरुको विवरण

क्र.सं.	अनुदानग्राहिको नाम (व्यक्ति/फर्म/कम्पनी)	ठेगाना	सम्पर्क नं.	अनुदानको विवरण (के का लागि कति)

जगन्नाथ प्रसाद जयसवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र प्रसाद यादव
नगर प्रमुख

१				
२				

कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु र सामाधानका उपायहरु

क.सं.	कार्यक्रम/क्रियालाप	कार्यक्रम कार्यान्वनका प्रमुख समस्याहरु	समाधानर्थ अपनाइएका उपायहरु	प्रभावकारी कार्यान्वयका लागि सुझावहरु
१				
२				

कार्यक्रम सम्बन्धि कुनै सुझाव भए उल्लेख गर्ने

तयार गर्ने
नामः
पद
दस्तखत

प्रमाणित गर्ने
नामः
पद
दस्तखत

आज्ञाले,
नामः जगन्नाथ प्रसाद जयसवाल
प्रमुख प्रशासकीय अधिकृत

जगन्नाथ प्रसाद जयसवाल
लि. प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र प्रसाद यादव
नगर प्रमुख